# कोभिड १९ र बन्दाबन्दीको प्रभाव मुल्यांङकन वेविनार

२०७७ भाद्र २ गते (August 18, 2020)

# वेविनार प्रतिवेदन

**आयोजक**

**स्वावलम्बन विकास केन्द्र**

**माईतीघर हाईट, काठमाडौं**

## १.पृष्ठभुमि :

कोरोना भाइरस र बन्दाबन्दीको कारणबाट लघुवित्त संस्थाहरुको कार्यक्रम र सेवा प्रवाहमा परेको प्रभाव र शिथिलतालाई पुनर्ताजगी तथा पुनःर्चालन गर्ने उपायहरु पहिचान गर्न, नयाँ अवसरहरुको सदुपयोग गर्न लघुवित्त संस्थाहरु तथा लघुवित्तकर्मीहरु पूर्ववत अवस्थामा फर्कन र पुनस्थापित गर्न भई रहेको प्रयासलाई टेवा पुर्याउने ध्येयले स्वावलम्बन विकास केन्द्रले आफ्ना सदस्य संस्थाहरुसंग कोभिड १९ र बन्दाबन्दीको प्रभाव मूल्यांङकन वेविनार कार्यक्रम गरी आएको छ ।

यसै सन्दर्भमा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. को शाखाहरुको अवस्था, कोरोनाको कारणबाट सदस्य तथा उनीहरुको व्यवसायमा परेको असर, त्यसबाट उत्पन्न असहज परिस्थितिलाई सामान्यीकरण गर्न शाखाहरुबाट भएको प्रयासका साथै कोरोना पश्चात शाखा कार्यालय र केन्द्र बैठक संचालनमा आएका अप्ठ्याराहरुको मूल्यांङकन एवं छलफल एवं कार्य दिशा प्रसस्त गर्नका लागि संचालक समितिका पदाधिकारीहरु, उच्च व्यवस्थापन तथा शाखा प्रबन्धकहरुको सहभागितामा मिति २०७७।०५।०२ मा एक दिने भर्चुअल वेविनार कार्यक्रम संचालन गरेको थियो ।

## २.उद्देश्य :

१. कोरोना महामारी र लकडाउनले उत्पन्न असहज परिस्थिति एंव समस्याहरु केलाउने ।

२. ग्राहक सदस्यहरुमा परेको प्रभाव, ब्यवसायको अवस्था पहिचान गर्ने तथा कोरोना महामारी र लकडाउन पछि देखिएका अवसरहरुको पहिचान गर्ने ।

३. असहज अवस्थालाई सामान्यीकरण गर्न गरी शाखा कार्यालयको पुनःसंचालन एवं सदस्यहरुलाई पुनरउत्थान गर्ने मार्ग चित्र तयार गर्ने ।

## ३.वेविनारको विधि

क) स्वागत तथा वेविनारको उद्देश्य माथि प्रकाश :
ख) अपेक्षा संकलन
ग) शाखा प्रवन्धकहरुबाट शाखाहरुको स्थिति विवरण प्रस्तुतिकरण
घ) केन्द्रिय कार्यालयबाट अवस्थाको समिक्षा
ङ) संचालकहरुको मूल्यांकन
च) स्वावलम्बन विकास केन्द्रको अवधारणा प्रस्तुतिकरण
छ) मार्ग चित्र निर्माण

कार्यक्रमको तालिका अनुसुचि १ मा दिईएको छ ।

**४. सहभागी संस्था र पदाधिकारीहरु :**

यस अन्तरकृया कार्यक्रममा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का संचालक समितिका पदाधिकारी, महाप्रवन्धक, विभागीय प्रमुखहरु तथा शाखा प्रवन्धकहरुको साथै स्वावलम्बन विकास केन्द्रका अध्यक्ष, कार्यकारी प्रमुख, निर्देशक, तालिम अधिकृत, सूचना तथा संचार अधिकृत तथा तालिम सहायकको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण अनुसुचि २ मा दिईएको छ ।

**५.वेविनारको कार्य विवरण :**

**क) कार्यक्रमको शुभारम्भ स्वागत मन्तब्य तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश :**

कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्दै स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख श्री वेचन गिरीले कार्यक्रमको उद्देश्यवारे प्रकाश पार्नु भएको थियो । सोही क्रममा उहाँले लकडाउनले गर्दा प्रत्यक्ष रुपमा छलफल गर्ने अवस्था नरहेकोमा अनलाईन वेविनारलाई केन्द्रले छलफलको माध्यम बनाई सहजीकरण गरी आएको साथै सहभागीहरुलाई अहिलेको अवस्थामा प्रविधिमैत्रि भएर लघुवित्त कार्य अगाडी वढाउन आग्रह गर्दै छलफल कार्यक्रममा फलदायी हुने गरी सक्रिय सहभागिताको पनि अनुरोध गर्नु भयो ।

**ख) कार्यक्रमका सभापति श्री सुरेन्द्र कुमार शाह, अध्यक्ष, किसान बहुउद्देश्यीय सहकारी संस्था लि.**

श्री शाहले हालको परिस्थितिमा समस्यासँग जुध्दै एक अर्कासँग समन्वय गरी दिर्घकालिन रुपमा सोच राखी अगाडि वढ्नका लागि प्रस्तुतिकरणमा आएका विषयवस्तुलाई छलफलको विषय बनाएर अगाडि बढ्न सहयोग हुने बताउनु भयो । निरन्तर प्रयास र लगनशील भएर अघि बढ्यौ भने पक्कै पनि सफल हुन्छौ र यो परिस्थितिलाई पार गर्ने मार्ग चित्र कोर्न यस छलफलबाट योगदान पुग्ने र सबैबाट सल्लाह, सुझाव, संस्थाको उच्चपदाधिकारी देखि शाखा प्रबन्धकहरुको सोच र मनोबल उच्च पार्ने अपेक्षा राखेको बताउनु भयो । स्वावलम्वन विकास केन्द्रसँग वेविनार छलफल कार्यक्रम आयोजन गर्न अनुरोध भएकोमा सराहना गर्नु भयो र वेविनारको शुभारम्भ भएको घोषणा गर्नु भयो ।

स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख श्री वेचन गिरीले छफलफलमा उपस्थित सबैको सक्रिय सहभागिताको अपेक्षा सहित कार्यक्रममा निर्दिष्ट बुंदाहरु तथा विषयहरुमा छलफल केन्द्रित गर्न आग्रह गर्नु भयो । त्यस अगाडी कार्यक्रमबाट सहभागीहरुलाई आफनो अपेक्षाहरु राख्न आग्रह गर्नु भयो र निम्नानुसार अपेक्षा प्राप्त भयो ।

**ग) कार्यक्रमबाट गरिएको अपेक्षाहरु**

- प्रस्तुतिकरणमा आएका विषयवस्तुलाई छलफलको विषय बनाएर अगाडि बढ्न मद्दत मिल्ने आशा गरेको ।
- सदस्यहरुमा देखिएका समस्याहरुलाई कसरी निराकरण गरी अगाडि बढ्ने ।
- केन्द्र बैठक सञ्चालन, भाखा नाघ्ने समस्या, कर्मचारी तथा सदस्यमा देखिएको मानसिक त्रासलाई कसरी व्यवस्थापन गर्ने ।

- वास्तविक सहयोग चाहने ग्राहक तथा छद्यमभेषी ग्राहक, सदस्यता छोड्ने दर कसरी नियन्त्रण गर्ने ।
- सबै कुराको तालमेल मिलाई अगामी दिनमा कार्यक्रमलाई कसरी प्रभावकारी रुपमा अगाडि बढाउने ।
- सदस्यहरुमा देखिएका समस्याहरुलाई कसरी निराकरण गर्ने ।
- भाखा नाघेको कर्जा कसरी व्यवस्थापन गर्ने ।
- सदस्यहरुलाई कसरी सामान्यीकरण गर्न प्रेरित गर्ने ।

**घ) शाखा प्रवन्धकहरुको प्रस्तुती :**

- केन्द्र व्यवस्थापनमा समस्या भई राखेको छ । प्रायः जसो सदस्यहरुको ब्यवसाय ठप्प भएर आयस्रोत बन्द भएको छ ।
- कार्यलय बन्द गरेनौं तर लकडाउनका कारण काम गर्ने वातावरण नहुंदा पनि सदस्यहरु संग बिभिन्न माध्यमबाट समन्वय गरी हाल खवर सोध्ने र स्वास्थ्य सचेतना फैलाउने जस्ता काम निरन्तर गर्‍यौं ।
- महामारी र लकडाउनका कारण उत्पन्न समस्याले सदस्यहरुमा अन्यौल र निराशा वढेको छ । उनीहरुको आत्मवल घटेको छ । यसलाई कसरी सम्वोधन गर्ने प्रमुख चुनौतिको रुपमा आएको छ । यस्तो विषम परिस्थितिमा सदस्यको आत्मबल वृद्धि गर्न प्रत्यक्ष रुपमा भेटघाट गरी मनोबल बढाउने सम्भावना नरहेको ।
- कोरोना महामारी र लकडाउन पछि सदस्यहरुले समुह छोड्ने दर बढेको छ । सदस्यहरुमा मनोवैज्ञानिक असर परेको कारण नियमित बचत गर्ने एवं नयाँ योजना सुचारु गर्ने उर्जा देखिदैन ।
- सदस्यहरुको आम्दानी घट्दा साँवा तिर्न कठिन भएको गुनासो रहेको तर धेरै जसो सदस्य भुक्तानीको लागि सकारात्मक छन् ।
- धेरै सदस्यहरुको परिवारका सदस्यहरुको रोजगारी पनि गुमेको अवस्था रहेको छ । बैदेशिक रोजगारीवाट आउने रेमिट्यान्स पनि घटेको छ । यसले असुली प्रभावित भएको छ ।
- लगानीको वातावरण वनी नसकेको । सदस्यहरुले नयाँ परियोजना, व्यवसाय वा कामको शुरुवात गर्न नसकेको र नयाँ सदस्य वनाउनको लागि पनि वर्तमान अवस्था अनुकुल नभएको अवस्था छ ।
- महामारीले गर्दा कारोवार पूर्ण रुपमा बन्द जस्तै भएको छ । नियमित बचत गर्न सकेको अवस्था छैन । दैनिक गुजारा गर्न पनि कठिन छ ।
- नियमित किस्ता तिर्ने, व्याज मात्रै तिर्ने र व्याज साँवा दुवै नतिर्ने सदस्यहरुलाई रातो, पहेलो, हरियो गरी तीन भागमा वर्गीकरण गर्न शुरु गरेका छौं ।
- पछिल्लो समयमा असुली दर क्रमशः वढी रहेको छ । तरलता पनि वढेर लगानी योग्य रकम प्रशस्त छ ।

- वर्तमान अवस्थामा समस्या सँगसँगै केहि अवसरहरु पनि छन् । विदेशवाट युवा जनशक्ति गाउँ फर्केको छ । उचित कार्यक्रम ल्याएर उनीहरुलाई गाउँमै उद्यमी वनाउन सकिने अवस्था छ ।
- सामाजिक दुरी कायम गरी स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम निरन्तर फैलाउदैं आएका छौं । सुलभ कर्जा, बिना ब्याज कर्जा लगायत विभिन्न राहतका प्याकेज दिएर सदस्यहरु संग निरन्तर सम्पर्कमा रहेका छौं ।

**ङ) महाप्रवन्धक, श्री डम्वर बहादुर शाह, किसान बहुउद्देश्यीय सहकारी संस्था लि.को मन्तव्य**

- २०७६ आषाढ मसान्तमा सदस्य संख्या ५३,३३१ रहेको थियो भने २०७७ आषाढ मसान्त सम्म २०७६ जना बृद्धि भई सदस्य संख्या ५५,४०७ पुगेको छ ।
- आ.व.मा २०७६।७७ मा लगानी रु.२,७४,४९,७०,७६७ ले बृद्धि भई रु.१९,०६,७५,०८,६८७ पुगेको, असूली रु.२,५५,५१,०१,१७२ ले बृद्धि भई रु.१६,२८,९३,०१,७५२ पुगेको छ भने बांकी ऋण रु.२,७७,८२,०६,९४० रहेको छ ।
- आ.व.मा २०७५।७६ मा भाखा नाघेको रकम रु.५,८१,५३,५६० थियो भने आ.व.मा २०७६।७७ मा रु.६,१६,६७,२८५ पुगेको छ र भाखा नाघेको ऋणी संख्या ३३१ बाट २७ जना बृद्धि भई जम्म ३६८ जना भएको छ ।
- आर्थिक सुचकहरु हेर्दा यो आर्थिक बर्षमा उल्लेख्य प्रगति हुन नसके पनि समग्रमा यो आर्थिक बर्षमा संस्थाको नाफा रु.७९,४०,७१३ ले बृद्धि गरी रु.८,८४,९०,०८३ कमाउन सफल भएको छ ।
- लकडाउनको अवधिमा पनि संस्थाको कार्यक्रमलाई अगाडि बढाईएको संस्थाको डिजिटल कारोबार अध्यावधिक गरेको । संस्थाको डिजिटल कारोवार लकडाउन पूर्व न्यून थियो भने लकडाउन पश्चात Tablet banking र SMS banking एकदम धेरै बढेको छ ।
- यस बिषम परिस्थितिमा सदस्यहरुलाई विना व्याजको सापटी रकम उपलब्ध गरायौं, किस्ता असूलीमा खासै कडाई नगरेको र सदस्यसँग निरन्तर सम्पर्कमा रहि रहेको ।
- संस्थाको वित्तीय अवस्थामा त्यति धेरै असर नपरेको, लघुवित्त तर्फ सदस्यको भाका नाघेको रकम धेरै छैन बित्तीय अवस्था उत्साहजनक नै रहेको । संस्थाको व्याजदर घटाई सकेको कारण सदस्यको आकर्षण पनि बढेको ।
- नेपाल सरकारले तोकेको मापदण्ड पालना गरी समाजिक दुरी कायम गरी सुरक्षाका उपाय अपनाएर काम गरेको ।
- अनेक थरी भ्रम फैलाई विभिन्न निकायले साँवा र किस्ता तिर्न अवरोध गरेता पनि हरेक दिन कार्यालय खोली सदस्यहरुको लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरेको ।
- सदस्यहरुसंग सुमधुर सम्वन्ध वनाएर अगाडि वढ्नु पर्छ, हरेक ग्राहकको अवस्था हेरि अगाडि वढ्नु पर्छ ।
- प्रविधि मैत्रि वनेर र संचालन खर्च घटाएर दिगो वन्ने उपाय खोज्नु पर्छ । यो तरिका अपनाए भोलिका दिनमा समस्या हुदैन ।

- संस्थाको कुल तरलता निकै वढेको छ। गत बर्षको तुलनामा दोब्बर रहेको छ।
- संस्थाले सबै सदस्यहरुका लागि ए क्लास बैंकको सफ्टवेयर दिएका छौं । डिजिटल कारोवार दैनिक ५ देखि ६ लाख भएको र यो क्रम वढि रहेको ।
- मिस कल बैकिङ्ग रिचार्ज जसबाट रु.५० स्वरिचार्ज हुने र मिस्डकल बैकिङ्ग सुचना प्रवाह जसबाट केन्द्र बैठकबारे सबै जानकारी प्राप्त हुने जस्ता कार्यक्रम संचालन गरी लगातार सदस्यहरुको हितको लागि काम गरिरहेको ।
- संस्थाले चुनौतिलाई कसरी अवसरमा परिणत गर्न सकिन्छ भन्ने बारे ध्यान दिई लकडाउन पश्चात सदस्यको सुविधा झनै बढाएको र सेवा प्रवाहलाई सहज बनाएको कारण सदस्यहरुको बिश्वास जित्न सफल भएको ।

**च) संचालक, श्री सरोज कुमार शाह, किसान बहुउद्देश्यीय सहकारी संस्था लि. को मन्तब्य**

- कोभिड १९ ले वित्तीय क्षेत्रमा पारेको प्रभावलाई पहिचान गरी समाधानका उपायहरु खोजी यस अवस्थालाई पार लगाउन जरुरी छ ।
- यस महामारीले हरेक क्षेत्रमा प्रभाव पारेको छ, देशको अर्थतन्त्रमा समस्या आयो भने पुरै देश डुब्न सक्छ त्यसैले वित्तीय संस्थाहरु बलियो हुन जरुरी छ ।
- Low investment, less financial mobilization, low interest rate, low profit, increased bad debts आदि कोभिड १९ ले वित्तीय क्षेत्रमा पारेका प्रभाव हुन ।
- प्रभावहरुलाई सम्बोधन गर्न सरकारले लगानी बढाउनु पर्‍यो, वाह्य ऋण वढाउने र आन्तरिक ऋण घटाउने Capital investment, tax relief दिएर रिलिफ प्याकेजलाई संस्थागत रुपमा अगाडी वढाउनु पर्छ ।
- संस्थामा कार्यरत कर्मचारीले प्रत्यक्ष रुपमा सामना गरेको अवस्था तथा कहाँ कहाँ के कस्तो समस्याहरु आईपरेको छ त्यसको वृहत रुपमा प्रबन्ध समितिमा छलफल गर्ने ।
- यस कार्यक्रमबाट प्राप्त Guidelines, Constructive विचार र पृष्ठपोषणहरुलाई मार्ग चित्रको रुपमा लिई अघि बढ्ने ।

**छ) विशेष अतिथि, वक्ता तथा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष,श्री शंकरमान श्रेष्ठको मन्तव्य**

यस वेविनार कार्यक्रमका सहभागीहरुको प्रस्तुतीबाट विशेष अतिथि तथा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकरमान श्रेष्ठ उत्साहित हुंदै खुशी ब्यक्त गर्नु भयो र प्रस्तुती माथि टिप्पणी गर्नु भएको थियो । सो अवसरमा उहाँले कोरोनावाट सबै क्षेत्र प्रभावित भएको र विश्वका ठुलठूला वहुराष्ट्रिय कम्पनीहरु समेत धरासायी भएको र तुलनात्मक रुपमा लघुवित्त क्षेत्र कम प्रभावित भएको वताउदै लघुवित्तकर्मीहरु हतोत्साहित नहुन आग्रह गर्नु भएको थियो । लकडाउनबाट सदस्य र उनीहरुको व्यवसायमा परेको प्रभावलाई सुक्ष्म बिश्लेषण गरी उनीहरुको अवस्था हेरी ६ महिना सम्मको लागि

कर्जा पुनर्तालिकीकरण गर्न सुझाएका छन् । श्रेष्ठले निम्न कुराहरु ध्यानमा राखेर अगाडी वढ्न सुझावहरु दिनु भयो ।

- असुली प्रभावित भएको छ, त्रासको वातावरण छ, सबैको मनोवल गिरेको छ, लगानी हुन सकेको छैन । फिल्ड सहायक तथा लघुवित्तकर्मीहरु अझ धैर्य गर्नु पर्‍यो ।
- मनोवल वढाउन आफु नमुना भएर सुरक्षाका उपाय अङ्गिकार गरेर सदस्यहरुलाई पनि सिकाएर विश्वास दिलाउनु पर्‍यो । सदस्यहरुलाई कर्जा बुझाउन दवाव दिन उचित हुदैन । मिडियामा इलाम, खोटाङमा लघुवित्त बारे नकारात्मक कुरा आएको छ । यसैले सदस्यको कतै वाट पनि मानमर्दन हुने, दुर्व्यवहार हुने काम हुनु भएन उनीहरुको आत्मवल वढाउनु पर्‍यो । लघुवित्त संस्था सदस्यको सुख दुःखको साथि हो भन्ने सन्देश दिनु पर्‍यो ।
- दोहोरोपना, कर्जाको दुस्चक्रमा सदस्यलाई फसाउने काम कही कतै वाट हुन भएन । ऋण माथि ऋण दिने काम गर्नु भएन ।
- समस्याहरु आंउदैमा आत्तिनु हुंदैन । केहि समय अघि भुकम्पले गर्दा समस्या भएको थियो तर छोटो समयमै हामीले त्यसको असरलाई निराकरण गर्न सफल भयौं ।
- सदस्यको नाम, केन्द्रको नाम, कर्जाको उद्देश्य र व्यवसायको बिवरण सहित सदस्यहरुलाई निम्न चार प्रकार वर्गीकरण गर्नु पर्छ ।
  (क) लकडाउनको समयमा पनि खास प्रभाव नपरेका, किस्ता (साँवा र व्याज) बुझाउने
  (ख) लकडाउनवाट व्यवसाय प्रभावित भएका तर समयमा व्याज मात्र बुझाउने
  (ग) लकडाउनले व्यवसाय पूर्णरुपमा प्रभावित भै ऋण तिर्न असमर्थ भएता पनि लकडाउन अगाडी नियमित रुपमा ऋण तिर्ने गरेका ।
  (घ) कर्जा दुरुपयोग गरेका र धेरै संस्थाहरुबाट कर्जा लिएका, कर्जा भुक्तानीमा कुनै चासो नदिएको ।
- राम्रो अवस्थामा रहेका उक्त क, ख र ग वर्गमा रहेका सदस्यलाई उनिहरुको व्यवसायको अवस्था हेरि बढिमा६ महिनाको लागि पुनर्तालिकीकरण गर्नु पऱ्यो । धेरै कर्जा प्रवाह गर्ने समय होइन । सदस्यको आवश्यकता र क्षमता हेरी कर्जा प्रवाह गर्नु पऱ्यो ।
- सदस्य र कर्मचारीको सुरक्षा हुनु पऱ्यो र कर्मचारीहरुलाई बेला बेलामा पूनर्ताजगी (reorientation) दिई राख्नु पऱ्यो ।
- आफनो कार्यक्षेत्रका शोषित, निमुखा र निरहहरुको खोजी गरी प्रत्येक शाखाप्रवन्धकले कुन ठाउँमा कति विपन्न छन् त्यसको खोजी गरी उनीहरुको अवस्था उकास्न ठोस प्रयास गर्नु पऱ्यो ।
- कृषि कर्जामा फोकस गर्नु पऱ्यो । प्रविधि संग जोडेर उतपादकत्व वढाउनु पर्‍यो । कृषि सम्वन्धी ज्ञान दिन गाउँ गाउँ पुगेर प्राविधिक सहयोग गर्नु जरुरी भएकोले प्राविधिक कर्मचारी राख्नु पऱ्यो ।
- रेमिट्यान्स केन्द्रित भएर कर्जा प्रवाह गर्ने होइन । हरेक सदस्य स्वरोजगार होस् र उद्यमी होस् भन्ने अवधारणा अनुसार काम गर्नु पर्‍यो । कर्जा मात्र दिने होइन त्यसको परिणाम आयो कि आएन सदस्य स्वरोजगार र उद्यमी वन्यो कि वनेन त्यसमा जोड दिनु पऱ्यो ।

- कार्यकारी प्रमुख स्वयमले आफ्नो क्षेत्र भित्रको सबै भन्दा पिछडिएको विपन्न समुदाय रहेको एक गाउँको छनौट गरी त्यहाँ रहेको स्रोत र साधनको पहिचान गरी प्रोफाइल तयार गर्ने र सो गाउँलाई वातावरण मैत्री नमुना गाउँको रुपमा विकास गर्दै लैजाने र सोलाई दृष्टान्त बनाई प्रत्येक शाखा प्रबन्धकलाई पनि यस्तो एउटा परियोजना संचालन गर्न लगाउने ।
- विदेशवाट फर्केका युवाहरुको सिप, क्षमता, घरको अवस्था के छ ? उनिहरुको विवरण तयार गर्ने र स्वरोजगार वनाउन कोशिस गर्नु पर्‍यो ताकि उनीहरु फेरी विदेश नजाउन ।
- सदस्यका छोरा छोरीलाई आफनो आमाले गरेको काम वारे समेत थाहा छैन । उनीहरुसँग अन्तरक्रिया कार्यक्रम गरेर नयाँ पुस्ताको उद्यमी सदस्यको रुपमा विकास गर्ने कार्यक्रमहरु ल्याउनु पर्‍यो ।
- प्रत्येक शाखा प्रमुखले आफनो सदस्यहरुको जीवनस्तर माथी उकास्न र व्यवसायिक सफलता हासिल गराउन सदस्यको रेखदेख गर्नु पर्‍यो ।

**ज) कार्यक्रमका सभापति तथा अध्यक्ष,श्री सुरेन्द्र कुमार शाहको समापन मन्तब्य**

- संस्थाको यात्रामा थुप्रै वाधा व्यवधान आए, गएर कति यथावत छन् । १२ बर्ष अगाडी लघुवित्त कार्यक्रम भयो लघुवित्त शुरु गर्दा विना धितोमा काम गर्न सकिदैन भन्ने थियो तर आज त्यो सोचाई झुठो सावित भएको छ ।
- लघुवित्त कार्यक्रमबाट ८०, ८२ प्रतिशत सदस्य आत्मनिर्भर भएको पाएको छु । अव संस्था नाफा मुखी मात्र हुदैनौं, आगामी दिनमा थप सकृयताका साथ सदस्यको उद्यमशिलता विकासमा लाग्ने अठोट गर्दछु ।
- आगामी दिनमा पनि स्वावलम्बन विकास केन्द्र संग सहयोग र सहकार्यको अपेक्षा छ ।

**६.निस्कर्षः**

कोभिड १९ र लकडाउनले सदस्य लगायत कर्मचारीमा नकरात्मक प्रभाव पारेको छ । सदस्यको परियोजना सुचारु हुन सकेका छैनन् । सदस्यहरुको व्यवसायहरु ठप्प भए संगै उनीहरुको आम्दानी घटेको छ र आनीबानीमा पनि परिवर्तन आएको छ । बैदेशिक रोजगारीबाट फर्केका सदस्यका श्रीमानहरु अब के काम गर्ने भनी अन्यौलमा परेका छन् । केन्द्र बैठक संचालन, व्यवस्थापन तथा असुली पहिलेको तुलनामा कम भएता पनि संस्थाले कर्मचारीहरुको मनोबल उच्च राख्न सफल भएको छ । संकटका वेला संस्थाको डिजिटल कारोबार अध्यावधिक गरी प्रविधिमैत्री भएर काम गरी चुनौतिलाई अवसरको रुपमा सदुपयोग गर्न पनि सफल भएको छ र अन्य नयाँ योजनाका साथ काम अगाडी वढि रहेको छ ।

वेविनारले लघुवित्त संस्थाहरुवाट लक्षित बर्गको राम्ररी पहिचान नगरी अधिक कर्जा प्रवाह गर्ने, सदस्यलाई दोहोरोपना गरी थाम्न नसक्ने गरी कर्जा दिने जस्ता गल्तीहरु आगामी दिनमा पूर्ण विराम लगाउने गरी कर्जा प्रवाह गर्न तदरुकताका साथ कार्य अगाडी वढाउने र छलफलबाट तयार पारिएको

मार्ग चित्रको कार्यान्वयन तथा लघुवित्तको मर्म, सिद्धान्त सबै तहबाट कडाईका साथ पालना गर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

**७) मार्ग चित्र :**

१. संस्थाले आफ्नो कर्मचारीलाई कोरोना भाइरसको कारण देखिएको असहज परिस्थितिमा कुन ठाउँमा कसरी काम गर्न सकिन्छ विश्लेषण गरी सुरक्षाका मापदण्ड अपनाएर संचालन गर्न सम्भव भएका ठाउँका केन्द्रहरु संचालन गर्ने व्यवस्था मिलाउने । कोरोनाको त्रासमा रहेका सदस्यहरुलाई मनोपरामर्श दिने र सदस्यहरुको आत्मविश्वास वढाएर व्यवसाय पुनर्संचालन गर्न प्रोत्साहित गर्ने ।

२. २०७७ आषाढ मसान्तको विवरणको आधारमा शाखागत सदस्यहरुलाई निम्न चार प्रकार वर्गीकरण गर्ने :
   (क) लकडाउनको समयमा पनि किस्ता (साँवा र व्याज) बुझाउने
   (ख) लकडाउनवाट व्यवसाय प्रभावित भएका तर समयमा व्याज मात्र बुझाउने
   (ग) लकडाउनले व्यवसाय पूर्णरुपमा प्रभावित भै ऋण तिर्न असमर्थ भएता पनि लकडाउन अगाडी नियमित रुपमा ऋण तिर्ने गरेका ।
   (घ) कर्जा दुरुपयोग गरेका र धेरै संस्थाहरुबाट कर्जा लिएका, कर्जा भुक्तानीमा कुनै चासो नदिएका

   उपरोक्त अनुसारको विवरण तयार गर्दा सदस्यको नाम, केन्द्र, ऋण को उद्देश्य (व्यवसाय), लिएको ऋण रकम, तिरेको रकम, वाँकी रकम, भाखा नाघेको रकम (सांवा र ब्याज) जस्ता विवरण उल्लेख गर्ने ।

३. प्रत्येक शाखा प्रवन्धकले सदस्यहरुलाई पुनस्थार्पना गर्ने काम गर्ने । सदस्यको व्यवसायको अवस्था पहिचान गरी केस हेरेर वढीमा ६ महिना भित्र किस्ता भुक्तानी हुने गरी पुनर्तालिकीकरण गर्ने । यसका लागि केन्द्रिय कार्यालयले आवश्यक निर्देशन पठाउने ।

४. शाखा प्रमुखहरुले आफ्नो कार्य क्षेत्र भित्र कहीँवाट सेवा प्राप्त नगरेका दिनहीन, निमुखा, गरीब परिवार कहाँ-कहाँ छन् खोजी गरी उनीहरुको विवरण तयार गर्ने । उनीहरुको दक्षता, क्षमता र संभाव्य ईलम पहिचान गरी आवश्यक तालिम दिई स्वरोजगार वन्ने अवसर प्रदान गर्न विशेष कार्यक्रम संचालन गर्ने ।

५. सदस्यहरुको मनोवल उच्च राख्न तथा संस्था प्रतिको आत्मीयता र लगावलाई सुदृढ पार्न उनीहरुलाई अहिले कर्जा तिर्न कुनै प्रकारको दवाव नदिने । असुलीका नाममा उनीहरुको कतै वाट पनि मानमर्दन तथा दुर्व्यवहार हुने काम नगर्ने ।

६. कृषिलाई आधुनिकीकरण गरेर कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व वढाउन प्रविधिको विकास तथा प्रयोग गर्न दक्ष कृषि प्राविधिक भर्ना गर्ने र सदस्यको दैलोमा पुगेर प्राविधिक ज्ञान दिई सदस्यलाई कृषि व्यवसाय सुधार र विस्तारमा सघाउ पुर्‍याउने ।

७. शाखाहरुले सदस्यलाई दिएको कर्जावाट सदस्य स्वरोजगार र उद्यमी वन्यो कि वनेन अनिवार्य अनुगमन गर्ने र उनीहरुको ब्यवसाय सुदृढ वनाउन प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने गराउने ।

८. डिजिटल प्रविधिको प्रयोग र विकासलाई प्राथमिकता दिई सदस्य मांझ आफ्नो सेवालाई चुस्त दुरुस्त एवं प्रभावकारी वनाउने । आन्तरिक रुपमा केन्द्रिय कार्यालयवाट पनि फिल्ड कार्यालय संग निरन्तर संचार समन्वय कायम राख्ने ।

९. संस्थाका प्रमुखले आफ्नो क्षेत्र भित्रको सबै भन्दा पिछडिएको विपन्न समुदाय रहेको एउटा गाउँको छनौट गरी त्यहाँ रहेको स्रोत र साधनको पहिचान गरी प्रोफाइल तयार गर्ने र सो गाउँलाई वातावरणमैत्री एवं गरीब रहित नमुना गाउँको रुपमा विकास गर्दै लैजाने र सोलाई दृष्टान्त बनाई प्रत्येक शाखा प्रबन्धकलाई पनि यस्तो एउटा परियोजना संचालन गर्न लगाउने ।

१०. संस्थाले आफ्नो कृषि फार्मलाई कृषि अध्ययन, अनुसन्धान, एवं तालिम केन्द्रको रुपमा विकास गरी आफ्ना सदस्य तथा त्यस भेगका कृषि उत्पादन तथा प्रविधिको विकासमा जोड दिने ।

११. सदस्यका छोराछोरीहरुलाई उद्यमी वन्न तथा घरमै रोजगारीको वातावरण श्रृजना गर्न तिनीहरुको सीप तथा रुचि पहिचान गरी आवश्यक तालिम दिएर दोस्रो पुस्ताका सदस्य तयार गर्ने ।

१२. विदेश एवं शहर वाट गाउँ फर्केका युवालाई गाउँमै स्वरोजगार तथा आत्मनिर्भर वनाउने गरी उनीहरुको सीप, क्षमता, चाहना तथा अनुभवको विवरण तयार गरी सोही आधारमा व्यवसाय विकासको निम्ति योजना तर्जुमा गर्ने । यस्ता यूवाहरु लक्षित गरी शाखा स्तरमा अन्तरकृया संचालन गर्ने ।

१३. लघुवित्तको मर्म अनुसार गर्न हुने र गर्न नहुने कामको विवरण वनाएर कर्मचारी मांझ संचार गर्ने । कर्मचारीलाई समय समयमा पुनर्ताजगी तालिम दिने ।

१४. धेरै संस्था वाट ऋण लिएकालाई सदस्य नवनाउने र दोहोरोपना हुने गरी कर्जा नदिने ।

१५. सहकारी संस्थाहरु संगको वेविनारमा तर्जुमा भएको मार्ग चित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । त्यसमा अन्तरनिहित सन्देश सबै तहका कर्मचारीमा पुऱ्याउने ।

## अनुसूचि १

## कार्यक्रम तालिका

| समय | वेविनार कार्यक्रम | |
|---|---|---|
| ११:००– ११:१५ | कार्यक्रमको शुभारम्भ, स्वागत तथा परिचय | श्री बेचन गिरी |
| ११:१५– ११:२० | कार्यक्रमका सभापति तथा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष बाट मन्तब्य | श्री सुरेन्द्र कुमार शाह |
| ११:२०– १२:३० | ९ वटा शाखाका शाखा प्रवन्धकहरुको निम्न बिषयहरुमा प्रस्तुतीकरण तथा छलफल<br>१) शाखाको बित्तीय सूचकांकमा परेको असर<br>● सदस्य संख्या<br>● लगानी<br>● ब्याज र किस्ता असूली<br>● लगानीमा रहेको रकम<br>● भाखा नाघेको रकम<br>२) सदस्यको बर्गीकरणको प्रगति<br>३) कोरोना महामारीले उत्पन्न समस्याहरु, अपनाएको उपाय<br>४) सदस्यमा परेको प्रभाव र ब्यवसायको अवस्था<br>५) हालको अवस्थालाई सामान्यीकरण गर्न अपनाएको प्रयासहरु | सहभागीहरु (प्रत्येकलाई ५ मिनेट) |
| १२:३०–१:०० | बिश्राम | |
| ०१:००– ०१:१५ | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का महाप्रबन्धकको समिक्षा | श्री डम्बर बहादुर शाह |
| ०१:१५– ०१:३० | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का संचालकबाट मन्तब्य | |
| ०१:३०– ०२:१५ | आमन्त्रित अतिथि तथा स्वावलम्बन विकास केन्द्रका अध्यक्षबाट मन्तब्य | श्री शंकर मान श्रेष्ठ |
| ०२:१५– ०२:३० | कार्यक्रमका सभापति तथा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष बाट मन्तब्य तथा कार्यक्रम समापन | श्री सुरेन्द्र कुमार शाह |

## अनुसूचि २

**सहभागीहरुको विवरण**

| सिं.न. | सहभागीहरुको नाम | पद | संस्था |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र कुमार शाह | अध्यक्ष | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| २ | श्री पति राम चौधरी | सञ्चालक सदस्य | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ३ | श्री चन्द्रा सिंह | सञ्चालक सदस्य | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ४ | श्री सरोज कुमार शाह | सञ्चालक सदस्य | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ५ | श्री मनिराम न्यौपाने | सञ्चालक सदस्य | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ६ | श्री डम्बर बहादुर शाह | महा-प्रबन्धक | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ७ | श्री रण बहादुर साउँद | लघुवित्त प्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ८ | श्री प्रकाश कुमार जि.सी. | आ. ले. प. | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ९ | श्री भरत बहादुर रावल | ईलाका प्रवन्धक | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १० | श्री गोरख बहादुर शाह | ईलाका प्रवन्धक | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ११ | श्री जय शंकर न्यौपाने | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १२ | श्री दुर्गा प्रसाद उपाध्याय | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १३ | श्री सपना ओली | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १४ | श्री डम्बर जैसी | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १५ | श्री नवराज देवकोटा | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १६ | श्री खकेन्द्र देवकोटा | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १७ | श्री विनोद मिजार | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १८ | श्री चक्र भण्डारी | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १९ | श्री लोकेन्द्र सुनार | शाखाप्रमुख | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. |
| २० | श्री शंकर मान श्रेष्ठ | अध्यक्ष | स्वावलम्बन विकास केन्द्र |

| | | | |
|---|---|---|---|
| २१ | श्री बेचन गिरी | कार्यकारी प्रमुख | स्वावलम्बन विकास केन्द्र |
| २२ | श्री सतिश कुमार श्रेष्ठ | निर्देशक | स्वावलम्बन विकास केन्द्र |
| २३ | श्री रेणु प्रजापति | तालिम अधिकृत | स्वावलम्बन विकास केन्द्र |
| २४ | श्री चन्द्र कान्त पण्डित | सूचना तथा संचार अधिकृत | स्वावलम्बन विकास केन्द्र |
| २५ | श्री टसी ल्हामू शेर्पा | तालिम सहायक | स्वावलम्बन विकास केन्द्र |